# श्री उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासमा दायर गरेको

## रिट–निवेदन

**विषयः परमादेशको आदेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाँऔं**

जिल्ला बाँके नेपालगंज उपमहानगरपालिका वडा नं १० बस्ने बर्ष ४८ को एडभोकेसी फोरम नेपालको लुम्बिनी प्रदेश वरिष्ठ संयोजक/सार्वजनिक सरोकारका मुद्धामा वकालत गर्न गठित पिआईएल (PIL Lawyers Association) कानून व्यवशायी समुहका सचिव प्र.प.स. ८०८१ को अधिवक्ता बसन्त गौतम..............................१

महिला कानून र बिकास मन्चको तर्फबाट तथा जिल्ला बाँके नेपालगंज उपमहानगरपालिका वडा नं १२ बस्ने सार्वजनिक सरोकारका मुद्धामा वकालत गर्न गठित पिआईएल (PIL Lawyers Association) कानून व्यवशायी समुहका संयोजक प्र.प.स.५२५ को वरिष्ठ अधिवक्ता सुनिल कुमार श्रेष्ठ.............................१

जिल्ला बाँके नेपालगंज उपमहानगरपालिका वडा नं १० बस्ने PIL Lawyers Association का सहसंयोजक प्र.स.स.६३३४ का अधिवक्ता लोक बहादुर शाह ......१

जिल्ला बाँके नेपालगंज उपमहानगरपालिका वडा नं १८ बस्ने बर्ष ५१ को सामाजिक लोकतन्त्र अध्ययन केन्द्र बाँकेका अध्यक्ष पिआईएल (PIL Lawyers Association) का कोषाध्यक्ष प्र.स.स. १२१०९ का अधिवक्ता बल बहादुर चन्द ...........................१

जिल्ला बाँके नेपालगंज उपमहानगरपालिका वडा नं ०७ बस्ने सुचना र मानव अधिकार अनुसन्धान केन्द्र IHRC का अध्यक्ष एवं पिआईएल (PIL Lawyers Association) का सदस्य बर्ष ५० का प्र.स.स. ८१०२ का अधिवक्ता बिश्वजित तिवारी ...........१

जिल्ला बाँके नेपालगंज उपमहानगरपालिका वडा नं १२ बस्ने (PIL Lawyers Association) का सदस्य अधिवक्ता बिकाश आचार्य ....................................१

जिल्ला बाके नेपालगंज उपमहानगरपालिका वडा नं १ बस्ने बर्ष ४० का अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकका अधिकृत बिनोद कुमार पाण्डे.......................................१

जिल्ला बाके बैजनाथ गाउँपालिका वडा नं ८ बस्ने (PIL Lawyers Association) का सदस्य अधिवक्ता बर्ष  का प्र.स.स.९७५६ को केवल सिंह थारु.........................१

**विरुद्ध**

शिक्षा तथा सामाजिक विकास निर्देशनालय लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), मौरिघाट,दाङ ........................................................................................1

ऐ.का निर्देशक ........................................................................................1

जिल्ला शिक्षा बिकाश तथा समन्वय इकाई बाँके........... ................................1

ऐ.का प्रमुख ........................................................................................1

डुडुवा गाउँपालिका, डुडुवा गाउकार्यपालिकाको कार्यालय डुडुवा बाँके. .................1

डुडुवा गाउँपालिकाका अध्यक्ष, डुडुवा गाउकार्यपालिकाको कार्यालय, बाँके...............1

ऐ. कार्यालय अन्तरगतको शिक्षा युवा तथा खेलकुद महाशाखा............................ 1

ऐ. कार्यालयका प्रमुख........................................................................1

जयेन्दु बालसुधार गृह आसमानपुर बाँके .......................................................1

## मुद्दा : परमादेश

हामी निवेदकको देहाय बमोजिमको निवेदन जिकिर रहेको छ ।

हामी निवेदकहरु नेपालको संविधानको धारा ४६,१४४(१)(२), न्यायप्रशासन ऐन २०७३ को दफा ८ (१) तथा उच्च अदालत नियमावली, २०७३ को नियम ४१ बमोजिम निम्न लिखित निवेदन गर्दछौ ।

(१) **हकदैया सम्वन्धी संक्षिप्त व्यहोरा :**

(क) हामी रिट निवेदकहरु बिगत लामो समय देखि मानव अधिकार, कानूनी शासन र सामाजिक न्यायका पक्षमा निरन्तर रुपमा वकालत गर्दै आईरहेका छौ । बिभिन्न संघ सस्थामा आवद्ध रहेर र व्यवसायिक तवरबाट समेत नेपालको फौजदारी न्यायको सुदृढीकरणका साथै बालन्यायको प्रभावकारी कार्यान्वयनका लागि समेत कार्य गर्दै आएका छौ । यसै सन्दर्भमा हामी निवेदकहरु नेपालका विभिन्न हिरासत केन्द्र, कारागार तथा बालसुधार गृहमा गई थुनुवा, कैदीबन्दी, कानूनको विवादमा परेका बालबालिकालाई भेट्ने, आवश्यकता अनुसार उनीहरूलाई कानूनी परामर्श र सहयोग गर्ने लगायत बालन्याय प्रणाली अन्तर्गत बालबालिकाको संरक्षण तथा अधिकारको प्रचलनका लागि कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा सहयोगी तथा सहजकारी भूमिका समेत निर्वाह गर्दै आईरहेका छौं ।

(ख) नेपालको संबिधान र कानूनद्धारा प्रदत्त बाल अधिकार, बालन्याय, शिक्षाको अधिकार लगायतका मानव अधिकारसंग प्रत्यक्ष जोडिएको बिषय बालसुधार गृहमा रहेका बालबालिकाले समेत सहज र सरल ढंगबाट उपभोग गर्न पाउनुपर्दछ भन्ने विषयमा समेत बिभिन्न तवरबाट वकालत र पैरवीका कार्यहरु गर्दै आईरहेका छौ । यसै क्रममा बालसुधार गृह बाँके, डुडुवा गाउँपालिका, ऐ. कार्यालय अन्तरगतको शिक्षा युवा तथा खेलकुद महाशाखा र ऐ.का प्रमुख, लगायतका जिल्ला शिक्षा बिकाश तथा समन्वय इकाई बाँके र ऐ. कार्यालयका प्रमुख, प्रमुख जिल्ला अधिकारी सहितको बैठक बसी बालबालिकाको शिक्षा र बालसुधार गृहमा बिद्यालय संचालन स्वीकृतीका लागी पहल गर्दै आएका छौ । बालसुधार गृहमा बिद्यालय स्वीकृतीका लागी र बालबालिकाको शिक्षाको अधिकारका लागी सरोकारवालासंग पटक पटक छलफल पनि गर्ने गरिएको छ । पछिल्लो प्रगतीका बारेमा पालिकासंग सुचना पनि माग गरिएको छ । तर

रिट दर्ता गर्ने बेलासम्म मागेको सुचना पनि डुडुवा गाउँपालिकाबाट प्राप्त गर्न सकिएको छैन । लामो समय देखि जयेन्दु बालसुधार गृहमा रहेका बालबालिकाको शिक्षाको अधिकारको सुनिश्चितता र बालन्यायको प्रभावकारी कार्यान्वयन र सुधार गृहमा बिद्यालय स्वीकृतीमा लागी बिभिन्न स्वरुपमा वकालत र पैरवी गर्दा समेत समस्याको समाधान नभएको सन्दर्भमा कानूनको बिवादमा परेका बालबालिकाको बालन्याय र शिक्षाको अधिकार सार्वजनिक सरोकारको बिषय भएको यस क्षेत्रमा काम गर्ने कानून व्यवशायी/अधिकारकर्मी भएको नाताले यस विषयमा हाम्रो प्रत्यक्ष सरोकार रहेको छ ।

(ग) यि विपक्षीहरुले बिद्यालय स्वीकृती गरि बाल सुधार गृहमा रहेका बालबालिकाको शिक्षाको अधिकार सुनिश्चितताका लागी कानूनले तोकेको काम, कर्तब्य र अधिकार जिम्मेवारी र जवाफदेहिपुर्ण तरिकाले बहन नगरेका कारण शिक्षाको अधिकार पाउने संवैधानिक तथा कानून प्रदत्त हक अधिकारबाट बालबालिकाहरु बन्चित भईरहेका छन् । तसर्थ बाल सुधार गृहमा रहेका बालबालिकाको शिक्षा सम्बन्धी हक अधिकार संरक्षणका लागी हामी निवेदकहरु सार्वजनिक सरोकारको विषयमा प्रस्तुत रिट निवेदन दायर गर्न आएका छौं ।

(घ) बिपक्षीहरुले बहन गर्नुपर्ने कानूनी दायित्व र सम्पूर्ण मापदण्डहरु परिपालिना नगरी आफ्नो पदीय र कानूनी कर्तव्यबाट नै विमूख भएका कारण बालसुधार गृहमा रहेका बालबालिकाहरुले बालअधिकार बिशेष गरि शिक्षाको अधिकारबाट बंचित हुनु परीरहेको अवस्था छ । तसर्थ, बाल अधिकार र शिक्षा सम्वन्धी अधिकारबाट वन्चित भईरहेका आम बालबालिकाको शिक्षा सम्बन्धी हक सूनिश्चित गरिनुपर्ने बिषय सामुहिक हक हित र सरोकारको बिषय (Public Intrest Litigation(PIL), Social Action Litigation(SAL) (Probono Publico) भएकोले बिपक्षीहरुका नाँउमा परमादेश को आदेश लगायत उपयूक्त आदेश जारी गरी पाऔं भन्ने रिट निवेदन दायर गरी मुद्धाको पुर्पक्ष गर्नको लागी नेपालको संबिधान को धारा १४४(१), १४४(२), न्याय प्रशासन ऐन २०७३ को दफा ८(१) बमोजिम प्रस्तुत रिट निवेदन दायर गर्न आएका छौ ।

२. **तथ्य सम्वन्धी संक्षिप्त व्यहोरा र बालसुधार गृह बाँकेको अवस्था :**

(क) बालसुधार गृह बाँकेमा हिमाल, पहाड तराई सबै भेगका कानूनी बिवादमा परेका बालबालिका रहेका छन् । यहाँ मुगु, हुम्ला, जुम्ला, डोल्पा, रुकुम, कपिलवस्तु, रोल्पा, दैलेख, सल्यान, बाँके बर्दिया, अर्घाखाची, नुवाकोट, काठमाण्डौ कैलाली कन्चनपुर लगायतका जिल्लाका हाल सम्म २४८ जना बालकहरु रहेका छन् ।

(ख) बालसुधार गृह बाँके २०७५ साल भदौ महिना देखि संचालनमा आएको हो । यो नेपालगंज बजार देखि भित्र झण्डै ४ कि.मि.को दुरीमा हिरमिनिया, आसमानपुर गाउँमा अवस्थित रहेको छ ।

(ग) बाँके जिल्ला डुडुवा गा.पा. वार्ड नं. ६ आसमानपुरमा रहेको जयेन्दु बाल सुधार गृहमा कानुनको विवादमा परेका बालकहरुलाई राख्ने गरिएको छ । उक्त जग्गा स्थानिय समाजसेवि जैकेस सिंह द्वारा ४.२ चार विगाहा दुई कट्ठा जग्गा नेपाल सरकारको महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको नाउँमा हस्तान्तरण गर्नु भएको थियो । उक्त जग्गामा नेपाल सरकारद्वारा निर्माण गरिएको ४ वटा भवनहरु रहेका छन् । ४ वटा भवन मध्ये २ वटा भवनमा बालबालिकालाई राख्ने गरिएको छ भने एउटा भवनमा कार्यालय संचालन र अर्को ४ कोठे भवनमा बिद्यालय संचालन भईरहेको छ । पुरानो दुईतले भवनको भुईतलामा ३ वटा कोठा र २ वटा हल रहेको छ

जसमध्य बालकहरुको १ कोठामा भान्सा, अर्को कोठामा भन्डारण कक्ष त्यसै गरि अर्को ठुलो हलमा खाना खाने व्यवस्था रहेको छ त्यसै मध्ये अर्को हलमा सुरक्षाकर्मी हरुको लागि बस्ने आवास र सानो १ कोठामा भान्सा कोठाको रुपमा प्रयोग गर्ने गरिएको छ। त्यसै गरि माथिल्लो तलाको ३ वटा सानो कोठा र २ वटा हलमा बालकहरुको लागि बस्ने आवासको व्यवस्था गरिएको छ त्यस आवासमा ८७ जना बालकहरु बस्ने गरिरहेका छन । त्यसै उक्त भवनमा जम्मा ६ वटा शौचालय रहेको छ जस मध्ये २ वटा शौचालय र वाथरुम जोडिएको र २ वटा बाथरुम अलग्गै रहेको छ । यसैगरि नयाँ भवनमा ५ वटा कोठा र ४ वटा हल रहेको छ जस मध्ये एउटा हलमा टिभि र दोस्रो हलमा पुस्तकालय रहेको छ । यस भवनमा जम्मा ६ वटा शौचालय र ४ वटा बाथरुम रहेका छन् जसमध्ये २ वटा बाथरुम जोडिएका र २ वटा अलग्गै रहेका छन् । साथै ६ वटा वासिङ धारा र ३ वटा युरिनेरि पनि छ । नयाँ भवनमा जम्मा १६० बालकहरु बसोबास गर्दछन् । त्यसैगरि कार्यालयको भवनमा जम्मा ६ वटा कोठा र २ वटा हल रहेको छ । जसमध्ये हल १ मा कम्प्युटर ल्याब र हल २ मा मिटिङ्ग हल रहेका छन् । २ वटा कोठामा सुरक्षाकर्मी बसोबास गरिरहेको छन् र कोठा १ मा मुख्य कार्यालय र कोठा २ मा विद्यालयको कार्यालय रहेको छ । यसै भवनमा १० शौचालय र १० बाथरुम छन् भने २ वटा खुल्ला बाथरुम रहेको छ । यसैगरि विद्यालयको भवनमा ४ वटा कोठामा कक्षा संचालन गरिरहेका छन् र ४ वटा शौचालय रहेको छ । यसै प्रंगाणमा १० वटा खुल्ला धारा र १०,००० लिटर ट्याङकी जडान छ जहाँ बालकहरु कपडा धुने र नुहाउने गर्दछन् । त्यसैगरि यसै प्रंगाणमा प्रतिक्षालय र एउटा कोठामा गार्ड रुम रहेको छ ।

(घ). बाँकेमा अवस्थित उक्त बालसुधार गृह मापदण्ड अनुसार संचालन भएको पाईदैन । बाँकेको सुधार गृह सुधार गृह जस्तो नभै कालकोठरी जस्तो भएको अनुगमनका क्रममा सर्वोच्च अदालतका माननीय न्यायाधीश इश्वर प्रसाद खतिवडाले बताउनु भएको थियो । सुधार गृहमा एउटै कोठमा ५० जनासम्म बालकहरु बस्नु पर्दछ । बालसुधार गृहमा शिक्षा, स्वास्थ्यको उचित व्यवस्थापन, खेलकुदका लागी आवश्यक खेल मैदान र खेल सामाग्री र लाईव्रेरिमा आवश्यक मात्रामा पुस्तक पनि पाईदैन । बालसुधार गृहमा रहेका बालकहरुका लागी प्रतिदिन ७०० ग्राम चामल र दाल तरकारीका लागी रु ८० दिने गरिन्छ । तर त्यो प्रर्यात छैन । ८० रुपियाबाट तरकारी दाल चामल, चिया नास्ता, खाना पकाउने ग्यास सबै पुर्याउनु पर्दछ । क्षमता भन्दा बढी बालबालिका हुँदा बेला बेलामा बालकहरु बिचमा झगडा पनि हुने गरेको पाईएको छ । बालकहरुको समुह छुट्याई उनीहरुलाई सुरक्षित तरिकाले बस्ने र ज्ञानगुनका कुरा सिक्ने र प्रतिभा र क्षमता बढाउने कार्यक्रम छैनन । सुधार गृहमा रहेका बालबालिकाहरुका लागी खेल्नका लागि मैदान छ । तर सबै बालकहरुलाई पुग्ने प्रर्याप्त ठाउँ छैन । सबै खेल्न मिल्ने मैदान र व्यवस्था नभएकाले उनीहरु आलोपालो गरि भलिबल, क्रिकेट, फुटवल खेल्ने गरेका छन् । त्यहाँ रहेका बालकहरु लुडो, क्यारिम बोर्ड खेल्ने गरेका बालकहरु बताउछन् । सुधार गृहमा २ वटा कोर्ट र एक एक भलिवल फुटवल खेल्ने व्यवस्था छ । सबैलाई एकै चोटी खेल्न नमिल्ने भएकाले पालैपालो खेल्ने गर्दछन् ।

(ङ). बालसुधार गृहमा आफ्नो छुट्टै नियमित चेकजाँच र औपचारिक स्वास्थ सेवाको व्यवस्था छैन । त्यसको लागी बजेट पनि छैन । कुनै रोगको चेकजाँच गनु पर्दा वा औषधी खरिद गर्नु पर्ने भएमा बालक आफैले पैसा तिर्नु पर्दछ । यस बाल सुधार गृहमा एउटा पुस्तकालय र एउटा कम्प्युटर ल्याब रहेको छ । जसमा कम्प्युटर ल्याबमा २ थान कम्प्युटर रहेको र पुस्तकालयमा ५ थान र्याकमा करिब ५५० वटा विभिन्न प्रकारका पुस्तकहरु रहेका छन् ।

(२) **बालबालिकाको शिक्षाको हकमा परिरहेको प्रभाव र असरहरु :**

(क) बालबालिकाको शिक्षाको हक सम्बन्धमा मानव अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि लगायतका दस्तावेज, नेपालको संबिधान र, बालबालिका सम्बन्धि ऐन २०७५ मा स्पष्ट ब्यवस्था गरेको छ ।

(ख) सुधारगृहमा रहेका बालबालिकाहरुका लागि औपचारिक शिक्षाको ब्यवस्था छैन । भवन भएर पनि सरकारी दरबन्दी र बिद्यालयको स्वीकृती नहुदा सरकारी मान्यतामा स्वीकृती पाएर बिद्यालय संचालन हुन सकेको छैन । बालसुधार गृहमा शिक्षाको प्रभावकारी सुबिधा छैन । बालसुधार गृह संचालनमा आएको ५ बर्ष ब्यतित भैसक्दा समेत औपचारिक शिक्षाको ब्यवस्थापन हुन सकेको छैन । अध्यापनका लागी २ जना शिक्षक भए पनि तिनले अनौपचारिक रुपमा पढाउने गरेका छन् । उनी लगायत त्यहाँ रहेका केही बालकले अग्रेजी, गणित नेपाली लगायतका बिषय पढाउने गरेका छन् । त्यहाँ आवश्यक दरबन्दी कायम गरि शिक्षक खटाउने काम भएको छैन । कानूनी बिवादमा परेका बालबालिकाहरुलाई शैक्षिक कार्यक्रम अन्तरगत युकेस नामक सस्था र डुडुवा गाउँ पालिकाले ५ देखि ८ कक्षा संचालनको लागी एक ⁄एक शिक्षकको ब्यवस्था गरे पनि त्यो प्रर्याप्त र प्रभावकारी रहेको छैन ।

(ग) बालसुधार गृहमा शिक्षा सम्वन्धी अधिकारको उपभोग गर्नका लागि यस प्रकारका समस्याहरु रहेका छन् : बालसुधार गृहमा हाल २४८ जना बालकहरु भए पनि बिद्यालयले स्वीकृती पाएको छैन । शिक्षकको अभाव रहेको छ । विद्यालय दर्ता नभएको कारण बालकहरुलाई पढाईमा समस्या रहेको छ । विद्यालय कक्षा कोठाको अभाव रहेको छ । पढाई र सिकाई समाग्रीहरुको अभाव रहेको छ । बिद्यालय खोल्ने सरकारी स्वीकृती, दरबन्दी र मान्यता नपाउदा बालकहरु शिक्षाको अधिकारबाट बन्चित भईरहेका छन् । जिवनको उर्जावान, ज्ञानगुन शीप सिक्ने उमेरमा बालकहरु त्यतिकै समय कटाउनु परेको छ । नेपालको संविधानले शिक्षाको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरेको छ । यस हक अन्तर्गत नागरिकले निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउनु पर्दछ । तर, बालसुधार गृहमा रहेका बालकहरुले यो अधिकारको पूर्ण प्रयोग गर्न पाएका छैनन् ।

(घ) श्री सर्वोच्च अदालत र उच्च अदालतले कानूनी बिवादमा परेका बालबालिकाको बालन्याय र उनीहरुको शिक्षाको अधिकारका विषयमा विभिन्न व्याख्या र विश्लेषण गर्दै विभिन्न फैसला र आदेश गर्ने गरेको छ  तर, ती आदेशहरुको प्रभावकारी कार्यान्वयन हुन नसक्दा बालन्यायको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । सुधार गृहमा रहेका बालकहरुले पढ्न पाएका छैन । उनीहरुको शिक्षाको अधिकार हनन भएको छ ।

३. **विपक्षीहरुको कानूनी दायित्व र पदीय जिम्मेवारी** : विपक्षीहरु जस्तो जिम्मेवार निकाय र पदाधिकारीले कानूनी दायित्व र पदीय जिम्मेवारी र जवाफदेहीता वहन नगर्दा बालसुधार गृहमा रहेका बालकहरुको न्यायको प्रत्याभुति र शिक्षाको अधिकार उपभोगमा गंभिर असर पर्नुका साथसाथै बालबालिकाका देहाय बमोजिमका संवैधानिक एवं कानून प्रदत्त हकअधिकारमा समेत प्रत्यक्ष आघात परिरहेको छ : -

(क) शिक्षाको अधिकारलाई यस सम्बन्धी मानवअधिकार (Human rights) मौलिक हक (Fundamental rights) तथा कानूनी अधिकार (Legal rights) को समग्रतामा बुझ्नुपर्दछ । संयुक्त राष्ट्रसंघ तथा यसका विशिष्टीकृत निकायहरूको नेतृत्वमा जारी भएका घोषणापत्र, महासन्धि, अनुबन्ध, प्रतिज्ञापत्र, सन्धि आदि अन्तर्राष्ट्रिय कानूनी दस्तावेजबाट शिक्षा मानवअधिकारको रूपमा स्थापित भएको छ । यिनै शिक्षा सम्बन्धी विश्वव्यापी मानवअधिकारलाई संविधानमा संरक्षण गरी मौलिक हकको स्थान दिइएको छ । प्राविधिक विस्तारका साथ यिनै मानवअधिकार तथा मौलिक

हकलाई शिक्षा ऐन लगायतका कानूनमा व्यवस्थित गरी कानूनी अधिकार स्थापना गरिएको छ । संयुक्त राष्ट्रसंघबाट जारी भएको मानवअधिकारको विश्वव्यापी घोषणापत्र (सन् १९४८) ले शिक्षाको मानवअधिकारलाई औपचारिक रूपमा संस्थागत गरेको छ । उक्त घोषणा पत्रको धारा २६, उपधारा (१) मा प्रत्येक व्यक्तिलाई शिक्षाको अधिकार हुनेछ भन्ने उल्लेख छ । निःशुल्क र अनिवार्य प्रारम्भिक र आधारभूत शिक्षा, सामान्यतः प्राप्य र पहुँच योग्य प्राविधिक तथा व्यावसायिक शिक्षा, योग्यता क्षमताका आधारमा सबैलाई उच्च शिक्षाको पहुँचको विषयलाई यसमा समेटिएको छ । उपधारा (२) ले शिक्षाको लक्ष्य, उन्मुखता वा विशेषतालाई समेटेको छ भने उपधारा (३) ले बालबालिकालाई दिइने शिक्षामा आमाबाबुको छनोट स्वतन्त्रताको अधिकार उल्लेख गरेको छ ।

(ख) शिक्षा अधिकारको सन्दर्भमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धपत्र को धारा १३ मा "मानवीय व्यक्तित्व तथा प्रतिष्ठाको विकास तर्फ शिक्षा निर्देशित हुने र शिक्षाले मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरु प्रतिको सम्मान सुदृढ गर्नेछ" भनी उल्लेख गरिएको छ । यस अधिकार "education is the primary vehicle by which economically and socially marginalized adults and children can lift themselves out of poverty and obtain the means to participate fully in their communities" भनी व्याख्या गर्दै, यो अधिकारलाई "empowerment right" को रुपमा परिभाषित गरेको पाइन्छ । नेपाल यस अनुबन्धपत्रको पक्ष राष्ट्र हो ।

(ग) बालअधिकार सम्बन्धि महासन्धि १९८९ को धारा २८ ले प्राथमिक शिक्षालाई अनिवार्य गर्ने, सबैलाई निशुल्क शिक्षा उपलब्ध गराउने र धारा २९ मा बालबालिकाको व्यक्तित्व, योग्यता, मानसिक र शारिरीक क्षमताको पुर्ण प्रखरता बिकाश गर्ने शिक्षा हुनु पर्ने व्यवस्था गरेको छ ।

(घ) नेपालको संबिधानको धारा ३९(२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्यपालनपोषण, उचित स्याहार, खेलकुद मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्व बिकाशको हक हुने र ऐ ३१(२)मा प्रत्येक नागरिकलाई आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निशुल्क पाउने हक हुने गरि मौलिक हकको व्यवस्था गरिएको छ ।

(ङ.) यसरी नै बालबालिका सम्बन्धि ऐन २०७५ को दफा १५ मा ६ बर्ष मुनीका बालबालिकालाई आफ्नो उमेर र बिकासको स्तर अनुसार उपयुक्त ढंगले सिक्न सक्न पाउने प्रारम्भिक बालबिकासको अधिकार हुने, प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यामिक शिक्षा निशुल्क रुपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुने व्यवस्था गरिएको छ ।

(च) बालअधिकार सम्बन्धि महासन्धि, बालन्याय सम्बन्धि शिद्धान्त, नेपालको संबिधान र बालबालिका सम्बन्धि ऐन, २०७५, बालबालिका सम्वन्धी नियमावली र अन्य प्रचलित कानूलले प्रत्याभुत गरेको बालबालिकाको शिक्षाको अधिकार सबै बालबालिकालाई प्राप्त हुन्छ । कानूनको बिवादमा परि स्वतन्त्रताबाट बन्चितिमा परेको वा नपरेको सामान्य अवस्थाका बालबालिका सबैले बिना भेदभाव यो हक प्रयोग र प्रचलन गर्न पाउने हुन्छन् । बरु आफ्नो नियन्त्रणमा रहेका कानूनको बिवादमा परेका बालबालिकाको हकमा यी हकको प्रचलनको लागी आवश्यक बिषेश प्रबन्ध गर्नु राज्यको दायित्व र जिम्मेवारी रहन्छ ।

(छ) कानूनको बिवादमा परि स्वतन्त्रताबाट बन्चित बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारका बारेमा राष्ट्रिय अन्तर्राष्ट्रिय कानूनले स्पष्ट ब्यवस्था गरेको छ । सो अधिकारको संरक्षण गर्नु गराउनु यि विपक्षीहरु लगायत सवैको कर्तव्य हो ।

(ज) नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा १०(१) अमेरिकी मानव अधिकार सन्धिको धारा ५(२) बालअधिकार महासन्धिको धारा ३७(ग) मा स्वतन्त्रताबाट बन्चित बालबालिकालाई मानविय र मानवता अन्तरनिहित मर्यादा अनुरुप तथा निजहरुको उमेर अनुसारको आवश्यकतालाई ध्यानमा राखी सो सुहाउदो ब्यवहार पाउने हक हुने ब्यवस्था गरेको छ । यहि मुल्य मान्यता र अवधारणा ब्यवहारमा रुपान्तरित गर्ने क्रममा कानूनको बिवादमा पेका बालबालिकाहरुको हित मर्यादा र अधिकारको संरक्षण गर्ने अभिप्रायले नै बालसुधार गृहको अवधारणा बिकास भएको हो । बालसुधार गृहको बिकासमा बालन्यायको अभिन्न अंग बनेको छ ।

(झ) बालअधिकार सम्बन्धि महासन्धिले बालन्याय, बालअधिकार र सबै बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गरेको छ ।

(ञ) बालबालिका सम्बन्धि ऐन २०७५ र बालबालिका सम्वन्धी नियमावलीले समेत बालबालिकाको शिक्षा लगायतका सबै अधिकारको सुनिश्चितता प्रदान गरेको छ ।

(ट) सबैको शिक्षाको अधिकार सुरक्षित गर्दै अन्तर्राष्ट्रिय मानवअधिकार कानून अन्तर्गत राज्यहरूको विद्यमान दायित्वहरू एकीकृत गर्दै शिक्षामा राज्यको भूमिकालाई सम्बोधन गर्न २०१९ फेब्रुअरी १३ मा अंगिकार गरिएको अबिड्जान सिद्धान्तहरु The Abidjan Principles on the human rights obligations of States to provide public education and to regulate private involvement in education, 2019 जारी गरिएको हो । सार्वजनिक शिक्षा प्रदान गर्न गर्नका लागि राज्यको मानवअधिकार दायित्व सम्बन्धी अबिड्जान सिद्धान्तहरू ९७ मार्गदर्शक सिद्धान्तहरूबाट निर्माण भएका १० विस्तृत सिद्धान्तहरूले **"शिक्षा अधिकारलाई सम्मान, संरक्षण र पालना गर्ने सुस्थापित राज्यका दायित्वहरुको दृढतामा स्थापित रहेर राज्यलाई आफ्ना दायित्व पूरा गर्न उपलब्ध स्रोत साधनहरुको अधिकतम परिचालन"** गर्नुपर्नेमा जोड दिन्छन् । यो शिद्धान्त अन्तरगतको अधिकार बालसुधार गृहमा रहेका बालकहरुको हकमा पनि लागु हुने भएता पनि उनीहरु शिक्षाको अधिकारबाट बन्चित भैरहेका छन् ।

(ठ) नेपालको संबिधानको धारा ३१ मा शिक्षा सम्बन्धी हकको ब्यवस्था गरिएको छ । धारा ३१ को उपधारा (१) ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ भनेको छ । यस्तै उपधारा (२) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ब्यवस्था गरेको छ । उपधारा (३) ले अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ भनेको छ । उपधारा (४) ले मा दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ भनेको छ ।

(ड) मुलुकी देवानी संहिता २०७४ मा कानूनको दृष्टिमा समानता र कानूनको समान संरक्षणबाट कुनै पनि नागरिकलाई इन्कार गरिने छैन भनी समानताको हकलाई संरक्षित गरेको छ ।

(ढ). नेपाल सन्धी ऐन २०४७ को दफा ९ मा नेपाल द्धारा स्वीकृत तथा अनुमोदित अर्न्तराष्ट्रिय सन्धी तथा घोषणाहरु नेपाल कानून सरह लागू हुने कानूनी व्यवस्था रहेको छ ।

(ण). नेपालको संबिधानको धारा ३९ मा बालबालिकाको हक भनी सूनिश्चित गरिएकोछ । उपधारा २ मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्य बाट शिक्षा, स्वास्थ्य, पालन पोषण उचित स्याहार, खेलकुद तथा सर्वागीण बिकासको हक हुनेछ भनी बालबालिकाको हक सूनिश्चित गरिएको छ ।

(४) **रिट दायर गर्नुपर्ने आधार र कारण** : विपक्षीहरुले कानूनले प्रदान गरेको अख्तियारी र जिम्मेवारी पालना नगरेको, कानूनले तोकेको मापदण्ड र प्रक्रिया पुरा नगरेका कारण बालसुधार गृह बाँकेमा रहेका बालबालिकाको संवैधानिक एवं कानून प्रदत्त शिक्षाको हक अधिकारमा प्रत्यक्ष आघात परी रहेकोले उल्लेखित संबैधानिक एवं कानूनी हक अधिकारको संरक्षण र प्रचलनको लागि अन्य लामो समय देखि अधिकतम् प्रयास गर्दा समेत त्यसको कुनै सुनुवाई नभएको, सुचना माग्दा पनि डुडुवा गाउँपालिकाबाट सुचना पाप्त नगरीएको, शिक्षाको अधिकारलाई कार्यान्वयन गर्न गराउनका लागि अन्य कुनै वैकल्पिक र प्रभावकारी उपचारको बाटो समेत नभएको हुँदा अन्तिम बिकल्पको रुपमा सम्मानित अदालत समक्ष नेपालको संविधानको धारा १४४(१), १४४(२), न्याय प्रशासन ऐन २०७३ को दफा ८(१) बमोजिम प्रस्तुत रिट निवेदन दायर गर्न आएका छौं ।

(५) **कानूनी उपचार र मागदावी :-**

(क) कसुरजन्य कार्य गरेको आशङ्का वा आरोप गरिएका वा कानुनको विवादमा परेका हरेका बालबालिका नेपालको संविधानको धारा ३९ मा प्रत्याभूत बालबालिकाको बालअनुकूल न्यायसहित प्रमुखतः धारा १६, १८, १९, २०, २२, २७, २८, २९, ३०, ३१, ३२, ३५, ३६, ३७ समेतका मौलिक हकका हकदार छन् । बालबालिकासम्बन्धी ऐन २०७५ तथा बालअधिकार महासन्धि १९८९ ले प्रत्याभूत गरेका बालअधिकारहरू र बालन्यायसम्बन्धी संरक्षणात्मक अधिकारका पनि उनीहरू हकदार छन् । तिनका यस्ता संरक्षण र अधिकारहरूको कार्यान्वयन गर्न गराउन र सम्बन्धित बालबालिकालाई ती संरक्षण र अधिकार परिपूर्ति गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्व विपक्षीहरूको रहेको छ । यी संरक्षण तथा अधिकारको प्रचलन हुने वातावरण उपलब्ध गराउनका लागि महासन्धि र आकर्षित हुने अन्य सन्धिगत तथा अनुनयात्मक अन्तर्राष्ट्रिय कानुनी अध्यालेखहरूमा वर्णित प्रतिमानहरूलाई राष्ट्रिय कानुन, संयन्त्र, व्यवस्थापन र कार्यक्रम मार्फत कार्यान्वयन गर्ने अभिभारा विपक्षीहरूको हो । नेपालको संविधानको धारा ५१ (ञ) (५) तथा बालबालिकासम्बन्धी ऐन २०७५ को दफा १६ ले सम्मानित अदालतलाई समेत बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिन र बालमैत्री प्रक्रिया अवलम्बन गर्न कर्तव्यबद्ध गराएको छ । त्यसै गरी बालअधिकार सम्बन्धि महासन्धि, नेपालको सविधानको धारा ३१ शिक्षा सम्बन्धिको हक, धारा ३९ मा बालबालिको हक सम्बन्धी ब्यवस्था गरेको छ । बालबालिका सम्बन्धि ऐन २०७५ ले समेत बालअधिकार बालन्याय र शिक्षाको अधिकार सुनिश्चित गरेको छ ।

(ख) राज्यले व्यक्तिको यी शिक्षा सम्बन्धी हकको सम्मान, संरक्षण र परिपूर्ति (Respect, protect, and fulfill) गर्नुपर्छ । यसको कार्यान्वयन गराउनु पर्ने दायित्व

बिपक्षीहरुको भएकोमा सो बमोजिम बहन नगरेका कारण बालसुधार गृहमा रहेका बालकहरुको शिक्षाको अधिकार उपभोगमा असर परेको छ । बालसुधार गृहमा रहेका बालकहरुको शिक्षाको अधिकार उपभोगको अवस्थाका बिषयमा यस सम्मानित अदालतबाट बिज्ञ टोली सहितको स्थलगत नीरिक्षण अनुगमन प्रतिवेदन समेत लिई विपक्षीहरुका नाउँमा परमादेशको आदेश लगायत उपयुक्त आदेश जारी गरी बालबालिको शिक्षा सम्बन्धी अधिकार लगायतका उल्लेखित संवैधानिक एवं कानून प्रदत्त हक अधिकारको संरक्षण एवं प्रचलन समेत गरी गराई पाऔं ।

(ग) बालसुधार गृह बालबालिकाको बालबिज्याईलाई फौजदारी न्याय प्रणालीको कठोरतम दण्डब्यवस्था भन्दा पृथक ढंगले सम्बोधन गरि उनीहरुको सुधार ल्याई असल नागरिक बनाई समाजमा पुनस्थापित गराउने अवधारणा हो । बालसुधार गृहमा राखेर मात्र उनीहरु सुधार हुदैनन । असल नागरिक बनाउने राज्यको परिकल्पना पुरा हुन सक्दैन । बालबालिकाको सर्वाङ्गिण बिकासका लागी बालसुधार गृहमा आवश्यक वातावरण हुनु पर्दछ । स्वतन्त्रताबाट बन्चित अल्पसंख्यकहरुको संरक्षण सम्बन्धी संयुक्त राष्ट्र संघिय नियमावलीको नियम ३८ मा अनिवार्य बिद्यालय जानु पर्ने उमेरका अल्प वयस्कलाई निजको आवश्यकता र क्षमतासंग सामान्जस्यता राख्ने किसिमको र समाजमा पुनस्थापना हुनको लागी तय गरिएको शिक्षाको अधिकार हुन्छ । त्यस्तो शिक्षा सम्भव भएसम्म थुना भन्दा बाहिर सामुदायिक बिद्यालयमा र जुनसुकै हालतमा पनि योग्य शिक्षकद्धारा शिक्षा प्रणाली अन्तरगत दिईनु पर्दछ भन्ने ब्यवस्था रहेको छ । राष्ट्रिय कानून तर्फ दृष्टिगत गर्दा बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ४३ मा बालसुधार गृहको अवस्था रहि यसको स्थापना, संचालन, अनुगमन तथा अन्य ब्यवस्था तोकिए बमोजिम हुने ब्यवस्था छ । बालबालिका सम्बन्धि नियमावली २०५१ को नियम २१ मा बालसुधार गृहमा नियमित शिक्षाका अतिरिक्त ब्यवशायिक तथा शिपमुलक तालिम समेत प्रदान गर्न सकिने ब्यवस्था गरिएको छ । यसरी उल्लेखित महासन्धी तथा प्रचलित कानूनले कानूनको द्धन्द्धमा परि स्वतन्त्रताबाट बन्चित बालबालिकाहरुले बालसुधार गृहमा रहेको अवस्थामा पनि शिक्षाको अधिकारबाट बन्चित हुन नपर्ने गरि शिक्षाको अधिकारलाई संरक्षण गरेको छ ।

(घ) राष्ट्रिय शिक्षा नीति २०७६ (१०.४.४) ले निःशुल्क र अनिवार्य आधारभूत शिक्षाको अवस्थाको अनुगमन गर्न स्थानीय तहलाई अधिकार दिएको छ । तर डुडुवा गाउँपालिकाले बालसुधार गृहमा रहेका बालकहरुको शिक्षाको अधिकार उपभोगको अवस्था, पढाईको गुणस्तर र शिक्षाको अधिकार उपभोगको अवस्थाका बारेमा कुनै चासो नराखेकोले तत्काल अनुगमन संयन्त्र बनाई निःशुल्क र अनिवार्य आधारभूत शिक्षाको कार्यक्रम प्रभावकारी बनाउन बिपक्षीका नाममा परमादेशको आदेश लगायत उपयुक्त आदेश जारी गरी पाऔं ।

(ङ.) शिक्षा मन्त्रालयको मिति २०६९।४।२३ को महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई लेखेको पत्रमा बालसुधार गृह भित्र बिद्यालय संचालन गर्न मन्त्रालयको सैद्धान्तिक सहमति रहेको देखिन्छ । बालसुधार गृह बाँके जस्तै प्रकृतीका पोखरा, भक्तपुर र बिराटनगरमा क्षेत्रीय निर्देशनालयबाट अनुमति प्रदान गरिएको छ । भक्तपुर बालसुधार गृहमा कक्षा १० संचालन गर्न जिल्ला शिक्षा कार्यालय भक्तपुरको मिति २०७२।१२।१७ को निर्णय अनुसार अनुमति दिई बिद्यालय संचालन भई आएको सन्दर्भमा बाँकेको बालसुधार गृहमा पनि बिद्यालय खोल्ने अनुमति प्रदान गर्नु गराउनु, विध्यालयमा अध्ययन गर्न पाउने बालबालिकाको शिक्षा सम्वन्धी अधिकारको संरक्षण गर्नु गराउनु,बालबालिकाको शिक्षाको अधिकार प्रत्याभुत गर्नु गराउन भनी विपक्षीहरुका नाउँमा परमादेशको आदेश लगायत उपयुक्त आदेश जारी गरी पाऔं ।

(च). जयेन्दु बालसुधार गृह आसमानपुर बाँकेमा बिद्यालय संचालन गर्नका लागी सुधार गृह र नागरिक समाजका तर्फबाट पहल भए पनि बिद्यालयको स्वीकृती पाएको छैन । बिद्यालय खोल्ने स्वीकृतीका लागी पटक पटक वडा, पालिका लगायतका निकायमा निवेदन दिएकोमा बिद्यालय खोल्ने स्वीकृती पाउन सकेको छैन । अत उल्लेखित राष्ट्रिय कानूनी व्यवस्था, बालबालिकाको सवोत्तम हित, शिक्षा मन्त्रालयको २०७०।७१२ को निर्णय अन्य बालसुधार गृहले अनुमति प्राप्त गरि बिद्यालय संचालन भईसकेको अवस्थामा बाँके स्थित बालसुधार गृहका लागी पनि माध्यामिक तहको कक्षा संचालनका लागी दरवन्दी सहित शिक्षकको व्यवस्था गर्न, त्यसका लागी बिषयगत शिक्षक सहितको स्वीकृत दरबन्दीको व्यवस्था मिलाई माध्यामिक तहको बिद्यालय खोल्ने स्वीकृति एवं अनुमित दिनु /दिलाउनु,त्यसका लागी आगी आवश्यक बजेट व्यवस्था मिलाउनु र सोही बमोजिम अध्ययन अध्यापनको उचित व्यवस्था गर्नु गराउनु भनी यि विपक्षीहरुका नाउँमा परमादेशको आदेश लगायत उपयुक्त आदेश जारी गरी पाऔं ।

(छ) नेपाल सरकार मन्त्रीपरिषद सामाजिक समितिको मिति २०६९।८।२९ मा बसेको बैठकको निर्णय, शिक्षा मन्त्रालयबाट मिति २०७०।०७१२ को निर्णय बमोजिम बालसुधार गृहमा बिद्यालय खोल्न स्वीकृती दिने र माध्यामिक तहको शिक्षकको दरबन्दी समेत स्वीकृत गरि गराई जयेन्दु बालसुधार गृह आसमानपुरबाट बिद्यालय संचालन स्वीकृती गरी गराई त्यहाँ रहेका बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्नु गराउनु भनी यि विपक्षीहरुका नाउँमा परमादेशको आदेश जारी गरी पाऔं ।

(ज) नेपाल मानव अधिकार सम्बिन्धि बिभिन्न अन्तर्राष्ट्रिय महासन्धि, संबिधान र प्रचलित कानून अनुसार बालबालिकाको शिक्षाको हक बालसुधार गृहमा रहेका बालबालिकाहरुको पनि अन्तरनिहित हक नै हो । २४८ जना बालक रहेको बालसुधार गृहमा बिद्यालय संचालनका लागी स्वीकृती अनुमति बारम्बार माग गर्दा पनि सम्बद्ध निकायबाट संचालनको स्वीकृती हालसम्म प्राप्त नभएकोले बालकहरुको पढ्न पाउने वातावरण मिलाउन दरबन्दी सहितको बिद्यालय खोल्ने अनुमति दिनु दिलाउनु भनी विपक्षीहरुका नाउँमा परमादेशको आदेश जारी गरि पाऔं ।

(झ) सरकारको नीति तथा निर्देशन/एसएसडीपीमा शिक्षक-विद्यार्थी अनुपातको मापदण्ड तोकेको छ । सो ब्यवस्था अनुसार बालसुधार गृहमा संचालित बिद्यालयलाई स्वीकृती प्रदान गरि शिक्षक-विद्यार्थी अनुपातको मापदण्ड पालना गर्न गराउन बिपक्षीहरुको नाममा परमादेशको आदेश जारी गरि पाऔ ।

(ञ) बालसुधार गृहमा राखिएका बालवालिकाहरूलाई गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि बालसुधार गृह बाँकेमा राखिएका बालबालिकाको अनुपातमा आवश्यक शिक्षकको दरबन्दीको बिद्यालय संचालन स्वीकृती प्रदान गर्न, पुस्तकालयको व्यवस्था गर्न र सिपमुलक तालिमको व्यवस्था गरी गुणस्तरिय शिक्षा प्रदान गर्न विपक्षीहरूका नाममा परमादेश जारी गरि पाऔं ।

(ट). सरकारी नीति नियम र मापदण्ड अनुसार बालसुधार गृहको बिद्यालयको भौतिक पुर्वाधार, कक्षा कोठामा पंखाको ब्यवस्था, खानेपानी शौचालयको राम्रो प्रवन्ध, लगायतका मापदण्ड अनुसार शैक्षिक सस्था संचालन गर्न गराउन बिपक्षीहरुका नाममा परमादेशको आदेश जारी गरि पाऔँ ।

(ठ) सुधार गृहमा रहेका बालकहरु कुनै पनि बहानामा शुल्क उठाउन नपाउने गरि निशुल्क शिक्षाको सुनिश्चितता गर्न/गराउन बिपक्षीहरुका नाउमा परमादेशको आदेश जारी गरि पाऔं ।

(ढ) बाल .सुधार गृह मा योग सम्वन्धी नैतिक शिक्षा र स्वास्थ मैत्री कक्षाहरु विभिन्न योग समिति सगं समन्वय सहकार्य गरी सचांलन गर्नु साथै बाल सुधार गृहमा पुस्तकालय

स्थापना गरी सचांलन गर्नु भनि विपक्षीहरु को नाउमा परमादेश लगायत उपयुक्त आदेश जारी पाउ ।

(६) नेपालको संविधानको धारा १४४(१), १४४(२) र न्याय प्रशासन ऐन २०७३ को दफा ८(१) बमोजिम प्रस्तुत सार्वजनिक हक र सरोकार समाहित भएको प्रस्तुत विषय यसै सम्मानित अदालतको अधिकारक्षेत्र भित्र पर्दछ ।

(७) यसमा तत्काल कानून व्यवसायी मुकरर गरेका छौँ । हाम्रो तर्फ बाट उपस्थित हुनु हुने कानून व्यवसायीको बहस, जिकिर तथा नजिर समेत लाई प्रस्तुत निवेदनपत्रको अभिन्न अंग मानी पाऔँ ।

(८) यसमा देहाय बमोजिमको दस्तुर यसै साथ संलग्न रहेको छ ।

(क) उच्च अदालत नियमावली २०७३ को नियम ३५(२) बमोजिम रिट दस्तुर वापत रु.५००।-

(९) **संलग्न कागजात** : देहाय बोजिमको कागजात /प्रमाणहरुको फोटोकपी पेश गरेका छौं प्रमाण लगाई पाऔं ।

(क) परिचय खुल्ने प्रमाण ।

(ख) उच्च अदालत विराटनगरबाट मिति २०७५/११/५ मा भएको फैसला ।

(ग) अविड्जान सिद्धान्त ।

(घ) पत्राचार र निर्णयहरु ।

(ङ) डुडुवा गाउँपालिकासंग सुचना माग गरेको निवेदनको फोटो कपि

(१०) यसमा लेखिएको व्यहोरा ठिक साँचो छ । फरक ठहरे कानून बमोजिम सहौंला बुझाऔंला ।

निवेदकहरु :

निज

इति सम्वत् २०८० साल श्रावण    गते रोज्   शुभम् -------------------------।

## श्री उच्च अदालत तुलसीपुरमा पेश गरेको

## निवेदन पत्र

## विषयः सार्वजनिक सरोकारको बिषयमा मुद्दा गर्ने अनुमती पाऊ ।

जिल्ला बाँके नेपालगंज उपमहानगरपालिका वडा नं १० बस्ने बर्ष ४८ को एडभोकेसी फोरम नेपालको लुम्बिनी प्रदेश वरिष्ठ संयोजक/सार्वजनिक सरोकारका मुद्धामा वकालत गर्न गठित पिआईएल (PIL Lawyers Association) कानून ब्यवशायी समुहका सचिव प्र.प.स. ८०८१ को अधिवक्ता बसन्त गौतम..............................१

महिला कानून र बिकास मन्चको तर्फबाट ऐ. मा आवद्ध जिल्ला बाँके नेपालगंज उपमहानगरपालिका वडा नं बस्ने बर्ष....को/सार्वजनिक सरोकारका मुद्धामा वकालत गर्न गठित पिआईएल (PIL Lawyers Association) कानून ब्यवशायी समुहका संयोजक प्र.प.स.३९७२ को अधिवक्ता सुनिल कुमार श्रेष्ठ....................................१

जिल्ला बाँके नेपालगंज उपमहानगरपालिका वडा नं १० बस्ने PIL Lawyers Association का सहसंयोजक प्र.स.स.६३३४ का अधिवक्ता लोक बहादुर शाह ......१

जिल्ला बाँके नेपालगंज उपमहानगरपालिका वडा नं १८ बस्ने बर्ष ५१ को सामाजिक लोकतन्त्र अध्ययन केन्द्र बाँकेका अध्यक्ष पिआईएल (PIL Lawyers Association) का कोषाध्यक्ष प्र.स.स. १२१०९ का अधिवक्ता बल बहादुर चन्द ...........................१

जिल्ला बाँके नेपालगंज उपमहानगरपालिका वडा नं ०७ बस्ने सुचना र मानव अधिकार अनुसन्धान केन्द्र IHRC का अध्यक्ष एवं पिआईएल (PIL Lawyers Association) का सदस्य बर्ष ५० का प्र.स.स. ८१०२ का अधिवक्ता बिश्वजित तिवारी ...........१

जिल्ला बाँके नेपालगंज उपमहानगरपालिका वडा नं १२ बस्ने (PIL Lawyers Association) का सदस्य अधिवक्ता बर्ष का प्र.स.स. .. का अधिवक्ता बिकाश आचार्य ......................................................................................१

जिल्ला बाके नेपालगंज उपमहानगरपालिका वडा नं १ बस्ने बर्ष ४० का अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकका अधिकृत बिनोद कुमार पाण्डे........................................१

जिल्ला बाके बैजनाथ गाउँपालिका वडा नं ८ बस्ने बर्ष का (PIL Lawyers Association) का सदस्य अधिवक्ता बर्ष का प्र.स.स. .. को केवल सिंह थारु......१

## विरुद्ध

शिक्षा तथा सामाजिक विकास निर्देशनालय लुम्बिनी प्रदेश...................................१
राप्ती उपत्यका (देउखुरी),मौरिघाट,दाङ .......................................................१
ऐ.का निर्देशक ..................................................................................१
नेपालजिल्ला शिक्षा बिकाश तथा समन्वय इकाई बाँके..... .................................१
ऐ.का प्रमुख .......................................................................................१
डुडुवा गाउँपालिका, डुडुवा गाउकार्यपालिकाको कार्यालय डुडुवा बाँके. .................१
डुडुवा गाउँपालिकाका अध्यक्ष, डुडुवा गाउकार्यपालिकाको कार्यालय, बाँके..............१
ऐ. कार्यालय अन्तरगतको शिक्षा युवा तथा खेलकुद महाशाखा.............................१
ऐ. कार्यालयका प्रमुख.........................................................................१
जयेन्दु बालसुधार गृह आसमानपुर बाँके .....................................................१

## मुद्दा : परमादेश

हामी निम्न लिखित व्यहोराको निबेदन गर्दछु ।

१) हामी निबेदक, बिपक्षी जयेन्दु बालसुधार गृह आसमानपुर बाँके समेत भएको परमादेशको निबेदन यसै निबेदन पत्रको साथमा पेश गरेका छौ ।

२) प्रस्तुत रिट निबेदनमा उल्लेख भएको बिषय सार्वजनिक सरोकारको बिषय भएको हुँदा सार्वजनिक सरोकारको बिषयमा मुद्दा दर्ता गर्न अनुमतीको लागि मुलुकी देवानी कार्यबिधि संहिता २०७४ को दफा ९१ बमोजिम यो निबेदन गरेका छौ ।

३) अत : सार्वजनिक सरोकारको बिषयमा मुद्दा दर्ता गर्ने अनुमती प्रदान गरि यसै निबेदन पत्रको साथ पेश गरेको सार्वजिनक सरोकारको बिषय निहित रिट निबेदन पत्रलाई दर्ता गरि न्याय निरुपण गरि पाँऊ ।

४) यसमा लेखिएको व्यहोरा ठीक छ फरक ठहरे कानुन बमोजिम सहुला बुझाऔला ।

निबेदक

निज वा.सुभाष सिह श्रेष्ठ ।

इति सम्बत २०८० साल १२ गते रोज ६ शुभम ।